45 0162

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २३२/२०७०/०७१

निर्णय नं.७२

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे बस्ने नोदनाथ त्रिताल .....१ उजुरीकर्ता

**विरूद्ध**

गा.वि.स सचिव, धनकुटा जिल्ला, ताँखुवा गा.वि.स. ...............................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे बस्ने नोदनाथ त्रिताललले गा.वि.स सचिव, धनकुटा जिल्ला, ताँखुवा गा.वि.स. समक्ष सूचना माग गरेकोमा सूचना उपलव्ध नगराएकोले उपलव्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७०।१२।०९ मा फ्याक्स मार्फत निवेदन/उजुरी गरेको । यस आयोगबाट मिति २०७०।१२।२७ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न धनकुटा जिल्ला, ताँखुवा गा.वि.स.लाई मिति २०७०।१२।२७ च.नं. ८०३, पु.च.नं. २७१ बाट लेखी पठाइएको । उजुरीकर्ताले सूचना पाइन भनी मिति २०७१।०५।३० मा पुनः उजुरी गरेकोमा यस आयोगबाट मिति २०७१।०७।३०, च.नं. ५४७, पु.च.नं. २५३ बाट ताकेता पत्र समेत पठाएको । उक्त पत्राचार पश्चात-उजुरीकर्ताबाट सूचना पाए नपाएको सम्वन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाइन भनी उजुरीकर्ता स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि उजुरीकर्ताले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउने गरी हाललाई प्रस्तुत उजुरी तामेलीमा राखिएको छ । प्रस्तुत उजुरीको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल असोज ६ गते रोज ४ शुभम् ।